# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं.५१८

मिति :-२०८०।०५।०४

श्री शाखा/महाशाखा सबै,
श्री वडा कार्यालय सबै (१-२९)
भरतपुर महानगरपालिका ।

**विषय : सुझाव कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. सं. २०८०/०८१ च. नं. ५२ मिति २०८० श्रावण १४ गते र अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौंको च. नं. D3-8081-2290 मिति २०८०/०४/११ गतेको पत्रानुसार प्राप्त देहायको सुझाव कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

**सुझाव**

"प्राविधिक कारणले पूर्व नतिजा आंकलन गर्न नसकिने तथा नवीनतम प्रविधिको प्रयोगबाट संचालन गर्नुपर्ने, प्राविधिक त्रुटि सच्याउने अवधि भित्र मर्मत सम्भार वा प्रतिस्थापन गर्न सकिने, जटिल र नितान्त प्राविधिक प्रकृतिका एवं ठूला (हेभि) मेसीनहरु प्रयोग हुने निर्माण र खरिद जस्ता आयोजनाहरु संचालन गर्न उपभोक्ता समिति सँग प्राविधिक ज्ञान, सीप र औजारहरु समेत नहुने भएकोले उपभोक्ता समितिले पुनः ठेकेदार कम्पनी सँग सम्झौता गरी काम गर्ने गरेको हुँदा आयोजनाको गुणस्तर कायम नहुने, त्रुटी सच्याउने अवसर नहुने र खरिद प्रक्रियामा प्रतिस्पर्धा समेत नहुने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा व्यवस्थालाई पूर्ण पालना गर्न एवम् यस्ता जटिल र प्राविधिक प्रकृतिका आयोजनाहरुको काम उपभोक्ता समिति मार्फत नगर्न नगराउन "

साथै श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त पत्र यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको छ ।

.................. ०५।०४

ब. ई. सन्तोष आचार्य
महाशाखा प्रमुख
शहरी पूर्वाधार बिकास महाशाखा

बोधार्थः
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिका, (Website मा Upload गर्नुहुन) ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)